# कोटहीमाई गाउंपालिकाको ऐतिहासिक पृष्ठभूमी

कोटहीमाई मन्दिर कोटहीमाई गाउँपालिकाको वडा नं. ४ (साविक बैरघाट गाविसको वडा नं. ३) बैरघाटमा पर्दछ । पहिले यस भेकमा निक्कै वाक्लो जंगल थियो । यहाँदेखि ३ कि.मी पूर्व भारतको सुण्डी र नेपालका ब्रहदवा, कमहवा, तुनीहवा, जिग्नीहवामा मात्र मानिसको वसोबास थियो । हाल यि गाउँ कोटहीमाई गाउँपालिकाको वडा नं. ४ अर्न्तगत पर्दछन् । कोटहीमाईको मन्दिर बुटवलको हात्तीसुडमा भारतले बाँधबाधि मोतिपुर, अमुवा, बेथरी, गुरुवानी, तुनिहवा हुँदै भारतको सुण्डीसम्म तयार गरेको नहरको उत्तर साइडमा बैरघाठमा अवस्थित छ । कोटहीमाई देवी दुर्गा देवीकी शाखा हुन् ।

प्रचिन समयदेखि नै यहाँ काटहीमाईको थान थियो । यो स्थानलाई स्थानीय मानिसले शक्तिको श्रोतका रुपमा मान्दै आएको पाइन्छ । यो थान यस भेककै सबै भन्दा पुरानो पनि मानिन्छ । हेक सोमबार र मंगलबार यहाँ मेला लाग्ने गर्दछ । मायादेवी माइती देवदहबाट तिलौराकोट जाने क्रममा कोटीमाईमा आएर बास बसिन् त्यसै रात उनलाई प्रसवबेथा सुरु भयो । बिहान यहाँबाट तिलौराकोट तर्फ जाने क्रममा लुम्विनी पुगे पछि गौतम बुद्धको जन्म भएको हो भन्ने भनाइ स्थानीय मानिसको छ । दैनिक पूजा पाठ, वच्चाको मूण्डन, नयाँ गाडीको पूजा, छोरा जन्मियोस् भन्ने कामना, विवाहाका लागि केटाकेटी हेराउने लगाएत विभिन्न सुभ कार्यका लागि दैनिक मानिस यहाँ आउने परम्परा छ । इच्छा वा कामना पुरा भएपछि थानको वरिपरिको उपयुक्त ठाउँमा हात्तीको मूर्ति बनाइने हुदाँ भ्वाट् हेर्दा हात्ती जंगलमा जम्मा भएर बसे जस्तै देखिन्छ । यहाँ विशेष गरेर हरेक कार्तिके पूर्णीमा (पूर्णमासी) र चैते दशैको रामनवामीका दिन मेला लाग्छ, सोही दिन सरस्वतीको पाठ पनि गरिन्छ । यस मेलामा विशेष गरी मर्चवार क्षेत्रका मानिस जम्मा हुन्छन् भने वुटवल, भैरहवा, लुम्विनी, परासी, तौलिहवा, भारतको गोरखपुर, सिद्धार्थनगर, महाराजगञ्जवाट मानिस आउने गर्दछन् ।

मर्चवार क्षेत्रका स्थानीय मानिसको सामाजिक, धार्मिक, ऐतिहासिक र मौलिक संस्कृतिको धरोहर कोटहीमाईको नामबाट यस गाउँपालिकाको नाम कोटहीमाई रहन गएको स्थानीय बासिन्दाको भनाइ छ । यस गाउंपालिकामा रैथाने बिशेषगरी मधेशीमूलका थारु, यादव, मल्लाहा, लोध, तेली, केवट, तेली, गुप्ता लोनिया, हरिजन, रैदास, कुर्मी, पाल, मुसलमान लगायतका विभिन्न बासिन्दाहरुको बासोबास छ । यस गाउंपालिकामा दशै, तिहार, जनैपूर्णीमा, तिज, छठ, होली, बुद्धजयन्ती, मोहरम, क्रिसमस, इद लगाएतका विभिन्न चाडपर्व मनाइन्छ । मठमन्दिर, मस्जित, विभिन्न धार्मिक स्थल, भजनकृतन, कौरा, थारुनाच आदि यहाँका मौलिक साँस्कृतिक चलन, समूहमा मिलेर बस्ने बानी, गुचुप्प परेका बस्ती र विभिन्न भाषा गाउंपालिकका महत्वपूर्ण र ऐतिहासिक पक्ष हुन् । यहाँका बासिन्दाहरु अत्यन्तै मिलनसार, सोझा र विकास प्रेमीको रुपमा परिचित छन् । पञ्चायतकालदेखि नै यहाँको विकासमा थुपै व्यक्तित्वहरुको योगदान रहेको छ । २०१६ सालदेखि नै विद्यालयहरुको स्थापना गर्ने, भैलुभुजा सिंचाईका सुविधा थप गर्ने, यातायात लगायतका विभिन्न विकास निमार्णका कार्यमा स्थानीय जनताको प्रत्यक्ष योगदान रहेको छ । यस क्षेत्रले २०४६ सालको परिवर्तन पश्चयात राजनीतिक चेतनामा निकै फड्को मारेको विभिन्न समयमा भएका आवधिक निर्वाचन र तिनको परिणामबाट थाहापाउन सकिन्छ ।

२०७३ साल चैत्र २७ गते यस जिल्लाका साविक सिपवा, सकोनपकडी, मर्यादपुर, बैरघाट, मझगांवा र बोगडी गाविसलाई समेटेर कोटहीमाई गाउंपालिका स्थापना गरिएको हो । यस गाउंपालिकाका प्रमुख प्रशासकिय अधिकृत गणेश धिमिरेको नेतृत्वमा विभिन्न विषयगत कार्यालयहरु सञ्चालनमा रहेका छन् । २०७४ साल आषाढ १४ मा सम्पन्न गाँउपालिकाको निर्वाचनमा यस कोटहीमाई गाँउपालिकाको **अध्यक्ष** चन्द्र भूषण यादब र **उपाअध्यक्ष** भानमती बनियाँ निर्वाचित भइ जन प्रतिनिधिका रुपमा क्रियाशिल हुनुहुन्छ ।